नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
Financial Comptroller General Office

पत्र संख्याः २०७६/७७
चलानी नं. 02

मितिः २०७६/४/१

विषयः आर्थिक वर्ष २०७६/०७७ को बजेट कार्यान्वयन सम्बन्धी निर्देशन ।

श्री प्रमुख,
कोष तथा लेखा नियन्त्रक कार्यालय,
सबै ।

अर्थ मन्त्रालयको च.नं.२ मिति २०७६/०४/०१ को आर्थिक वर्ष २०७६/०७७ को बजेट कार्यान्वयन सम्बन्धी निर्देशन बमोजिम चालु आ.व. २०७६/७७ को निमित्त विनियोजित बजेटको प्रभावकारी कार्यान्वयन गरी उपलब्धी हासिल गर्न वार्षिक व्यय अनुमानमा उल्लेखित रकमको निकासा र खर्चको लागि आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३२ को उप-नियम १ बमोजिम विभिन्न मन्त्रालय, संवैधानिक निकाय, सचिवालय, आयोग तथा विभागलाई दिएका अख्तियारी तथा निर्देशनमा उल्लेख भएका विषय समेतलाई ध्यान दिई देहाय बमोजिम गर्नु गराउनु हुन अनुरोध छ ।

**(क) कार्यक्रम स्वीकृति तथा बजेट बाँडफाँट**

१. मन्त्रालयगत बजेट सूचना प्रणाली (Line Ministry Budget Information System-LMBIS) मा समावेश भएको कार्यक्रमलाई नै स्वीकृत कार्यक्रम र खर्च गर्ने अख्तियारी मानी सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयहरूले बजेट कार्यान्वयन गर्न सम्बन्धित इकाईलाई बजेट निकासा गर्ने व्यवस्था मिलाउने । चालु आर्थिक वर्ष २०७६/०७७ को मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) मा समावेश भएको बजेट स्वत: एकल खाता कोष प्रणाली (Treasury Single Account-TSA) मा प्रविष्टि भैसकेकाले सो हेरी तथा कार्यक्रमका हकमा विगतमा झै अर्थ मन्त्रालयको LMBIS प्रणालीबाट प्राप्त गरी बजेट तथा कार्यकक्रमको आधारमा भुक्तानी निकासा को व्यवस्था गर्ने ।

२. मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) मा समावेश भएका कुनै कार्यक्रममा संशोधन गर्नुपर्ने भएमा उद्देश्य भन्दा फरक पर्ने गरी कार्यक्रम संशोधन गर्न अर्थ मन्त्रालयको सहमति लिनु पर्नेछ। तर चौमासिक विभाजन संशोधन गर्नुपर्ने भएमा सम्बन्धित निकायले एक तह माथिको कार्यालय प्रमुखको स्वीकृति लिनुपर्ने वा राजपत्रांकित विशिष्ट श्रेणीको अधिकारीले स्वयं कार्यक्रम संशोधन गर्न सक्नेछ। यसरी कार्यक्रम संशोधन गर्दा साविकको बजेट घट्ने देखिएमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट बजेट रोक्का राखेपछि मात्र संशोधन गर्ने व्यवस्था भएकोले अख्तियारी प्रदान गर्ने निकायबाट अनुरोध भई आएमा रोक्का राख्ने ।

३. कुनै निकायमा एक भन्दा बढी इकाईबाट खर्च गर्ने गरी रकम विनियोजन भएकोमा खर्च गर्ने निकायहरुलाई २०७६ साउन १५ गतेभित्र सम्पूर्ण रकम बाँडफाँट गरी सोको जानकारी अर्थ मन्त्रालय र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयलाई दिनु पर्ने व्यवस्था भएको छ।

४. स्रोतको सुनिश्चितता नभई शुरु गरिएका खरिद प्रक्रिया वा अन्य कार्यबाट सिर्जना भएका दायित्वका लागि रकमान्तर र थप निकासा नगर्ने व्यवस्था रहेको छ।

५. सशर्त अनुदानमा राखिएको रकम तोकिएका कार्यक्रमका लागि मात्र खर्च गर्नुपर्ने व्यवस्था भएकाले सोही अनुसार वित्तीय हस्तान्तरण/निकासा गर्ने ।

(ख) योजना वा कार्यक्रम हस्तान्तरण र कार्यान्वयन

६. विनियोजन ऐन, २०७६ बमोजिम नेपाल सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको कुनै योजना वा कार्यक्रम प्रदेश तथा स्थानीय तहमार्फत कार्यान्वयन गर्नुपर्ने भएमा प्रदेश तथा स्थानीय तहबाट कार्यक्रम कार्यान्वयन गर्ने/गराउने व्यवस्था मिलाइएको हुँदा सोही अनुसार गर्ने गराउने ।

७. विनियोजन ऐन, २०७६ बमोजिम प्रदेश तथा स्थानीय तहले सशर्त अनुदान अन्तर्गतका योजना वा कार्यक्रम कार्यान्वयन गर्दा थप रकम आवश्यक भएमा त्यस्तो योजना/कार्यक्रमको लागि कार्य प्रगतिको आधारमा मात्र थप रकम उपलब्ध गराउन माग गर्ने व्यवस्था गरिएको छ।

८. प्रदेश तथा स्थानीय तहको बजेट तथा कार्यक्रममा समावेश भएको कुनै योजना वा कार्यक्रम प्रदेश तथा स्थानीय तहले नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गराउन आवश्यक ठानेमा नेपाल सरकारको सम्बन्धित मन्त्रालयको स्वीकृति लिई सम्बन्धित प्रदेश तथा स्थानीय तहले त्यस्तो योजना वा कार्यक्रम नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गर्ने व्यवस्था मिलाइएको छ।

९. बुँदा नं. ७ र ८ बमोजिम गरिएको व्यवस्थाको जानकारी अर्थ मन्त्रालय, यस कार्यालय, सम्बन्धित प्रदेश तथा स्थानीय तह, सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय र सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालयलाई दिने व्यवस्था गरिएको छ।

१०. प्रदेश तथा स्थानीय तहले कार्यान्वयन गर्ने वा बुंदा नं. ७ बमोजिम थप रकम उपलब्ध गराउने निर्णय प्राप्त भएमा त्यस्तो निर्णयलाई खर्च गर्ने अख्तियारी मानी संघको एकल खाता कोष प्रणालीमा सम्बन्धित प्रदेश तथा स्थानीय तहको कार्यालयलाई सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट संघीय निकायको रूपमा कार्यालय कोड लिई सोही कोडबाट प्रचलित संघीय कानुन बमोजिमको रकम निकासा दिने व्यवस्था मिलाउनु होला ।

११. स्थानीय तहको योजना तथा कार्यक्रम नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गर्ने निर्णय भएमा स्थानीय तहले संघीय निकायको नाममा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा रहेको कार्य सञ्चालन कोष खातामा जम्मा हुने गरी रकम निकासा लिने व्यवस्था भएकोले स्थानीय तहलाई को.ले.नि.का.मा रहेको कार्य सञ्चालन खातामा रकम जम्मा गर्न लगाई कार्यान्वयन गर्ने निकायलाई भुक्तानी निकासा दिने व्यवस्था मिलाउने ।

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
Financial Comptroller General Office

पत्र संख्याः
चलानी नं.

१२. अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ (२) बमोजिम प्रदेश वा स्थानीय तहमा हस्तान्तरण हुने सशर्त अनुदानमा समावेश भएको वैदेशिक स्रोतको खर्चको विवरण प्राप्त गरी वित्तीय सम्झौता गर्दाका शर्तहरू अनिवार्य रुपमा पालन गरी/गराई सोधभर्ना लिने र त्यसको अभिलेख राख्ने व्यवस्था रहेको छ।

१३. अन्तरसरकारी वित्तीय हस्तान्तरणमार्फत् प्रदेश वा स्थानीय तहमा एउटै आयोजना अन्तर्गतको सशर्त अनुदानको रकम खर्चको आधारमा एक प्रदेश वा स्थानीय तहबाट अर्को प्रदेश वा स्थानीय तहमा सार्न सकिने व्यवस्था गरिएको छ ।

(ग) बजेट निकासा तथा बजेट कार्यान्वयन व्यवस्था

१४. बजेटमा परेका आयोजनाको तयारीका चरणहरू पूरा गरी आयोजना/कार्यक्रमको चौमासिक विभाजन सहितको वार्षिक खरिद योजना, विस्तृत डिजाइन र लागत अनुमान तयार गरी साउन मसान्तभित्र स्वीकृत गरी बोलपत्र आव्हान समेत गरी सक्ने, असोज मसान्तभित्र बोलपत्र मूल्याङ्कन गरी ठेक्का सम्झौता गर्न र ठेक्का सम्झौता भएको १५ दिनभित्र कार्य शुरु गर्ने गरी कार्यादेश दिने व्यवस्था गरिएको छ।

१५. आयोजना/कार्यक्रमको भौतिक प्रगतिका आधारमा मात्र भुक्तानी दिने व्यवस्था मिलाइएको छ। पहिलो चौमासिक भुक्तानी/निकासाको लागि भौतिक प्रगति आवश्यक पर्ने छैन। दोस्रो र तेस्रो चौमासिक निकासा/भुक्तानीका लागि सो अवधिसम्मको भौतिक प्रगति न्यूनतम ५० प्रतिशत हेरी निकासा दिने ।

१६. वैदेशिक ऋण वा अनुदान सम्झौता प्रभावकारी नभएसम्म वा बैदेशिक ऋण तथा अनुदान सम्झौता प्रभावकारी भएपनि वैदेशिक स्रोत फुकुवा नभएसम्म उक्त आयोजनाको वैदेशिक स्रोतको बजेट र नेपाल सरकारको समपूरक कोष (Matching Fund) समेत रोक्का रहनेछ। तर Retroactive Financing को हकमा अर्थ मन्त्रालय, अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखाको सहमतिमा भुक्तानी दिने व्यवस्था गर्ने । वैदेशिक श्रोत समावेश भएका कार्यक्रममा विनियोजित नगद ऋण तथा नगद अनुदान रकम निकासा गर्न यस कार्यालयको श्रोत फुकुवा चाहिने । सोधभर्ना हुने अनुदान तथा ऋण समावेश भएको कार्यक्रमको प्रथम चौमासिकको भुक्तानी निकासा गर्न यस कार्यालयको श्रोत फुकुवा आवश्यकता नपर्ने भएता पनि दोश्रो र तेश्रो चौमासिकको शोधभर्ना हुने रकम भुक्तानी निकासा गर्न यस कार्यालयको श्रोत फुकुवा आवश्यक पर्ने ।बैदेशिक स्रोत समावेश भएका कार्यक्रममा बैदिशक श्रोत फुकुवा भएपछि मात्र नेपाल सरकारको श्रोत भुक्तानी निकासा गर्ने ।

१७. आयोजना/कार्यक्रम विशेषका लागि सम्झौता भई प्राप्त हुने वैदेशिक सहयोग बाहेक अन्य ऋण तथा अनुदानको भुक्तानी दिनु पूर्व यस कार्यालय मार्फत अर्थ मन्त्रालय, अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखाको स्वीकृति लिनु पर्ने व्यवस्था रहेको छ। वैदेशिक स्रोततर्फको बजेट रकम खर्च गर्नु पूर्व उक्त स्रोतबाट रकम प्राप्त हुने सुनिश्चितता गरेर मात्र खर्च गर्ने व्यवस्था मिलाईएको हुँदा सोही अनुसार गर्ने ।

१८. शोधभर्ना निर्देशिका बमोजिम थ्रेसहोल्ड रकम पुगिसकेकोमा तुरुन्तै र थ्रेसहोल्ड रकम नपुगेकोमा चौमासिक अवधि समाप्त भएको अर्को चौमासिक अवधिभित्र सम्बन्धित आयोजना व्यवस्थापन कार्यालयबाट सोधभर्ना माग गरिसक्नु पर्नेछ । मासिक खर्चको फाँटवारीमा सोझै भुक्तानी र वस्तुगत सहायताको प्रतिवेदन सम्बन्धित कार्यालयबाट अनिवार्य रुपमा तहा कार्यालयमा पेश गर्नु पर्ने व्यवस्था भएकोले सो प्राप्त गरी TSA मा प्रविष्टी गरी सो को प्रतिवेदन गर्ने ।

१९. कार्य सम्पन्न भएपछि कामको भेरिफिकेसन गरी कार्य सम्पन्न भएको मितिले १० दिनभित्र कार्य सम्पन्न बिल तयार गर्ने र बिल पेश भएको मितिले ५ दिनभित्र बिल स्वीकृत गर्ने व्यवस्था मिलाइएको हुँदा सोही बमोजिम भुक्तानीको व्यवस्था मिलाउने ।

**(घ) बजेट खर्च, रकमान्तर तथा प्रतिवेदन**

२०. पूँजीगत खर्च तथा वित्तीय व्यवस्थातर्फ विनियोजित रकम चालु खर्चमा र पूँजीगत अनुदानमा विनियोजित रकम चालु अनुदानमा रकमान्तर गर्न नसकिने व्यवस्था मिलाइएको हुँदा यस सम्बन्धमा अनुगमन गर्ने।

२१. स्वीकृत रकम एक बजेट उपशीर्षकबाट अर्को उपशीर्षक वा एक खर्च शीर्षकबाट अर्को खर्च शीर्षकमा रकमान्तर। श्रोतान्तर गर्नु परेमा घटाउने बजेट उपशीर्षक वा खर्च शीर्षकमा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट बजेट रोक्का राखेपछि रकमान्तर। श्रोतान्तरण माग गर्नु पर्ने व्यवस्था भएको छ ।

२२. तलब, भत्ता, पोशाक, खाद्यान्न, पानी तथा बिजुली, संचार महसुल र भाडामा आगामी वर्षको लागि दायित्व नसर्ने गरी खर्च व्यवस्थापन गर्नु गराउनु हुनेछ। यी खर्च शीर्षकहरूबाट अर्थ मन्त्रालयको स्वीकृति नलिई अन्यत्र रकमान्तर गर्न सकिने छैन। सम्बन्धित निकायबाट तलबी प्रतिवेदन पारित गराएर मात्र तलब, भत्ता बापतको रकम भुक्तानी गर्नु पर्ने व्यवस्था भएको हुँदा सोही बमोजिम तलव भत्ता वापतको रकम निकासा दिने ।

२३. स्वीकृत दरबन्दी तथा बजेटको परिधिभित्र रहेर मात्र सेवा करारका कर्मचारी लिन सकिने छ।

२४. सार्वजनिक उपयोगका लागि जग्गाको मुआब्जा निर्धारण गर्दा मालपोत कार्यालयको रजिष्ट्रेशन प्रयोजनका लागि निर्धारण गरेको सरकारी मूल्याङ्कनलाई आधार लिनु पर्ने व्यवस्था भएको छ।

२५. सरकारी कार्यालयहरूले सकेसम्म व्यापारिक क्षेत्र र प्रमुख मार्गमा घर बहालमा नलिने र न्यूनतम आवश्यकता र सुविधा भएको घर बहालमा लिनु पर्ने व्यवस्था रहेकोले सो बमोजिमको अनुगमन गर्ने।

२६. सबै सरकारी निकायले आर्थिक दायित्व सिर्जना हुने विषयमा कुनै पनि निर्णय गर्दा वा मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्दा अर्थ मन्त्रालयको पूर्व सहमति लिएर मात्र गर्नुपर्ने व्यवस्था रहेको छ।

**(ङ) वित्तीय पारदर्शिता, जवाफदेहिता र अनुगमन सम्बन्धी व्यवस्था**

२७. खर्च, राजस्व तथा धरौटीको लेखा राख्दा यस कार्यालयको कम्प्युटरराइज्ड सरकारी लेखा प्रणाली (Computerized Government Accounting System-CGAS) बाट राख्ने व्यवस्था मिलाउने ।


अनामनगर, काठमाण्डौं, फोनः ०१-४७७१२९०, ४७७१२९३, फ्याक्सः ०१-४७७१२९१
E-mail: info@fcgo.gov.np, Website: www.fcgo.gov.np

पत्र संख्याः
चलानी नं.

२८. नगद कारोबार गर्दा हुन सक्ने जोखिम कम गर्नको लागि तलब भत्ता, औषधि उपचार, उपदान, संचित बिदाको रकम लगायत सबै प्रकारका भुक्तानीहरू सोझै बैंक खातामार्फत भुक्तानी गर्ने ।

२९. विनियोजन ऐन, आर्थिक कार्यविधि ऐन तथा नियमावली, सार्वजनिक खरिद ऐन तथा नियमावली, सार्वजनिक खर्चमा मितव्ययिता तथा प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ लगायतका आर्थिक व्यवस्थापनसँग सम्बन्धित प्रचलित कानुनको पालना गराई वित्तीय अनुशासन कायम गर्ने गराउने ।

**(च) खर्चको अख्तियारी**

३०. बजेट उपशीर्षक ६०१०००१२ उपदान, बजेट उपशीर्षक ६०१०००१३ संचित विदा र बजेट उपशीर्षक ६०१०००१६ औषधि उपचारमा पुष मसान्तसम्म निकासा दिई माघ ७ गतेसम्म यस कार्यालयमा प्रतिवेदन गर्ने । २०७६ माघदेखिको निकासा यस कार्यालयबाट प्राप्त निर्देशानुसार गर्ने ।

**(छ) प्रदेश र स्थानीय तहको अन्तरसरकारी वित्तीय हस्तान्तरण सम्बन्धी व्यवस्था**

३१. अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम प्रदेश र स्थानीय तहले राजस्व र व्ययको अनुमान सम्बन्धित सभामा पेश गरी पारित गरेको विवरण प्राप्त भएपछि मात्र सबै प्रकारका अनुदान दिने व्यवस्था मिलाउने।

३२. प्रत्येक प्रदेश र स्थानीय तहको लागि विनियोजित बजेट रकम LMBIS अनुसार वित्तीय समानिकरण (प्रदेश-२६३३१ र स्थानीय-२६३३१) तथा सशर्त अनुदान (प्रदेश-२६३३२, स्थानीय -२६३३२) रकम सम्बन्धित प्रदेश र स्थानीय तहको सञ्चित कोषमा दाखिला गर्ने ।

३३. वित्तीय समानीकरण अनुदानको एक चौथाईले हुन आउने रकम सम्बन्धित सञ्चित कोषमा प्रत्येक वर्षको साउन २५ गते, कार्तिक २ गते, माघ २ गते र वैशाख २ गते गरी चार किस्तामा दाखिला गर्ने।

३४. वित्तीय समानीकरण अनुदानबाट खर्च भएको रकमको विवरण सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा प्रत्येक वर्षको कार्तिक १ गते, माघ १ गते, वैशाख १ गते र अर्को आर्थिक वर्षको साउन २४ गते भित्र पेश गर्नुपर्ने व्यवस्था रहेकोले सो विवरण प्राप्त भएपछि मात्र वित्तीय समानीकरण अनुदान वापतको बाँकी रकम सम्बन्धित सञ्चित कोषमा दाखिला गर्ने व्यवस्था मिलाउने।

३५. सशर्त अनुदान रकमको एक चौथाई रकम सम्बन्धित सञ्चित कोषमा साउन २५ गते र बाँकी रकम खर्च विवरण प्राप्त भएपछि (मङसिर १५ र चैत्र १५ गतेभित्र) मात्र सो विवरणको आधारमा चौमासिक रूपमा दाखिला गर्ने।

३६. विनियोजन ऐन, २०७६ दफा ४ उफदफा (१२) र (१३) बमोजिम सशर्त, समपूरक र विशेष अनुदानको रकम असार मसान्तसम्म खर्च नभई बचत भएमा त्यस्तो बचत रकम सम्बन्धित प्रदेश तथा स्थानीय तहले

पत्र संख्याः
चलानी नं.

सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमार्फत सघीय सञ्चित कोषमा दाखिल गर्नु पर्नेछ । फिर्ता दाखिल नभएमा त्यस्तो रकम अर्को बर्ष हस्तान्तरण गर्ने वितीय समानीकरण अनुदानबाट कट्टा गरी समायोजन गर्ने व्यवस्था गर्ने ।

३७. बैदेशिक श्रोत समावेश भएका कार्यक्रममा विनियोजन नगद ऋण तथा नगद अनुदान रकम सम्बन्धित सञ्चित कोषमा दाखिल गर्न यस कार्यालयको श्रोत फुकुवा चाहिने । सोधभर्ना हुने अनुदान तथा ऋण समावेश भएको कार्यक्रमको पहिलो किस्ता दाखिला गर्न यस कार्यालयको श्रोत फुकुवा आवश्यकता नपर्ने भएता पनि दोश्रो र तेश्रो चौमासिकको शोधभर्ना हुने रकम दाखिला गर्न भने यस कार्यालयको श्रोत फुकुवा आवश्यक पर्ने ।बैदेशिक स्रोत समावेश भएका कार्यक्रममा बैदिशक श्रोत फुकुवा भएपिछ मात्र नेपाल सरकारको श्रोत दाखिला गर्ने ।

३८. प्रदेश लेखा नियन्त्रक इकाइको रुपमा प्रदेशका कार्यालयलाई निकासा दिँदा प्रदेश लेखा नियन्त्रक कार्यालयको निकासा फुकुवा सम्बन्धी निर्देशन अनुसार गर्ने । यस कार्यालयको छुटै फुकुवा आदेश आवश्यक नपर्ने ।यसरी प्रदेश लेखा नियन्त्रक कार्यालयले फुकुवा निर्देशन दिंदा यस कार्यालयको फुकुवा सम्बन्धी निर्देशन तथा फुकुवा रकम हेरी गर्नु पर्नेछ।

३९. सबै प्रदेश र स्थानीय निकायबाट तत् निकायका संचित कोष रहेको बैंक र खाताको विवरण अद्यावधिक गरी यस कार्यालयलाई समेत जानकारी गराउने ।

(ज) प्रतिवेदन तथा लेखाङ्कन

४०. नेपालको सविधानको धारा २४१(४) अनुसार श्री महालेखा परीक्षकज्यूबाट स्वीकृत भएका १४२ वटा नयाँ म.ले.प. फारामहरु अनुसार तीनै तहका सरकारका आर्थिक कारोवारको अभिलेख, लेखाङकन र प्रतिवेदन गर्ने गराउने व्यवस्था मिलाउने । आ. व.२०७५।०७६ को बार्षिक आर्थिक विवरण भने साविक म.ले.प. फाराम अनुसार नै गर्ने ।

४१. नेपाल सरकार, प्रदेश तथा स्थानीय तहमा भएको खर्चको विवरण स्वीकृत लेखा ढाँचा बमोजिम मासिक रुपमा प्राप्त गरी Website मा राख्ने व्यवस्था मिलाउने ।

४२. संघ, प्रदेश तथा स्थानीय तहका बजेट, निकासा र खर्चको विवरणको आधारमा नेपाल सरकारको एकीकृत वित्तीय विवरण तयार गर्ने गराउने।

४३. नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७६।१।१७ को निर्णय अनुसार स्वीकृत स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) को आधारमा सवै स्थानीय तहको आर्थिक कारोबारको बजेटिङ्ग, लेखाकन र प्रतिवेदन गर्ने गराउने व्यवस्था मिलाउने ।

४४. विनियोजन ऐन, २०७६ को दफा ६(३) बमोजिम नेपाल सरकारबाट वित्तिय हस्तान्तरण हुने सर्शत अनुदान अन्तर्गको बैदेशिक स्रोत समावेश भएको कुनै योजना तथा कार्यक्रम प्रदेश तथा स्थानीय तहले कार्यान्वयन गर्दा बैदेशिक सहायता सम्झोता बमोजिम नेपाल सरकारको सम्बन्धित मन्त्रालयले निर्दिष्ट

पत्र संख्याः
चलानी नं.

गरेको ढाँचामा खर्च गर्ने प्रदेश वा स्थानीय तहले छुट्टै अभिलेख राखी निर्धारित समयमा नेपाल सरकारको सम्बन्धित मन्त्रालय, सम्बन्धित शोधभर्ना माग गर्ने निकाय र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा नियन्त्रक कार्यालयमा प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था भएको हुँदा सोही अनुसार प्रतिवेदन प्राप्त गर्ने गराउने व्यवस्था मिलाउने ।

४५. यस कार्यालयको मिति २०७६/०३/०९ च.नं ८२१ अनुसार स्थानीय तहको आ.ब. २०७५/०७६ को वित्तीय विवरण मिति २०७६/०४/१५ भित्र अनिवार्य पठाउने व्यवस्था गर्ने गराउने ।

**(झ) आन्तरिक लेखापरीक्षण**

४६. आन्तरिक लेखापरीक्षणको माध्यमबाट प्रचलित कानूनी व्यवस्था एवं कार्यविधिहरु पालन गरी गराई वित्तीय अनुशासन कायम राख्ने ।

४७. आन्तरिक लेखापरीक्षणको वार्षिक कार्ययोजना र कार्य विभाजन गरी भाद्र मसान्त भित्र अनिवार्य रुपमा यस कार्यालयमा उपलब्ध गराउने ।

४८. चौमासिक अवधि समाप्त भएको एक महिना भित्र सो अवधिसम्मको आफ्नो कार्यक्षेत्र भित्रका कार्यालयहरुको अनिवार्य रुपमा आन्तरिक लेखापरीक्षण कार्य सम्पन्न गरी/गराई सोको प्रतिवेदन यस कार्यलयमा गर्ने ।

यस मार्गदर्शनमा लेखिएका विषयहरु आर्थिक वर्ष २०७६/०७७ को प्रारम्भ देखि नै कार्यान्वयन गर्नु गराउनु हुनेछ ।

माथि उल्लेखित प्रकरणका सम्बन्धमा एकल खाता कोष प्रणाली निर्देशिका तथा यस कार्यालयबाट जारी भएका र जारी हुने निर्देशिका तथा आदेशका प्रावधान समेतलाई पालना गर्दै भुक्तानी निकासाको व्यवस्था गर्ने र सोही अनुसार प्रतिवेदन गर्नु हुने छ ।

(सूर्य प्रसाद गौतम)
महालेखा नियन्त्रक